## श्री ५ को सरकार
## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपालको वैदेशिक तथा आन्तरिक व्यापारको विकास व्यवस्थित रूपबाट गर्दै जान आवश्यक पर्ने वातावरणको सृजना तथा क्रमिक सुधार गर्न श्री ५ को सरकारलाई परामर्श प्रदान गर्ने र वैदेशिक व्यापार घाटा कम गर्न र व्यापारमा आइपरेका समस्या समाधान गर्दै जान निकासी तथा पैठारी व्यापारसंग सम्बन्धित कार्य नीति, कार्यक्रम तथा ऐन, नियमहरू देशको आर्थिक विकासको उद्देश्य अनुरूप कार्यान्वयन गराउन सामन्जस्यता र सम्बन्धित निकायहरूबीच समन्वयता ल्याउने उद्देश्यले निम्न बमोजिमका सदस्यहरू रहेको एक वाणिज्य परिषद् गठन गरी उक्त परिषद्को देहाय बमोजिमको काम कर्तव्यहरू समेत तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वाणिज्य परिषद्को गठन

| | | |
|---|---|---|
| १. | वाणिज्य मन्त्री | – अध्यक्ष |
| २. | गभर्नर, नेपाल राष्ट्र बैङ्क | – सदस्य |
| ३. | सचिव, वाणिज्य मन्त्रालय | – सदस्य |
| ४. | सचिव, राष्ट्रिय योजना आयोग | – सदस्य |
| ५. | सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| ६. | सचिव, उद्योग मन्त्रालय | – सदस्य |
| ७. | सचिव, कृषि मन्त्रालय | – सदस्य |
| ८. | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | – सदस्य |
| ९. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य सङ्घ | – सदस्य |
| १०. | श्री ५ को सरकारबाट मनोनीत व्यापार व्यवसाय क्षेत्रका उद्यमी वा संस्थाको प्रतिनिधिहरूबाट ३ जना | – सदस्य |
| ११. | श्री ५ को सरकारबाट मनोनीत लब्धप्रतिष्ठित व्यक्तिहरू २ जना | – सदस्य |
| १२. | अतिरिक्त सचिव, वाणिज्य मन्त्रालय | – सदस्य-सचिव |

काम कर्तव्य

१. नेपालको राष्ट्रिय नीतिहरूसँग सामन्जस्यता राखी नेपालको वैदेशिक व्यापार सम्बन्धी कानूनी आधार, व्यापार नीति तथा कार्यविधिहरू तर्जुमा गर्न र व्यवहारिक बनाउन श्री ५ को सरकारलाई परामर्श प्रदान गर्ने ।

५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नेपालको द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सम्बन्ध, सहयोग तथा सम्झौताहरूको सन्दर्भमा आवश्यक पर्ने कार्यक्रम तथा कार्यनीतिहरू तयार पारी श्री ५ को सरकारमा पेश गर्ने ।

३. आन्तरिक तथा वैदेशिक व्यापारमा संलग्न सरकारी तथा निजी क्षेत्रका निकायहरू बीच आपसी सहयोग र समझदारीको विकास गर्न यथोचित उपायहरूको अवलम्बन गर्ने ।

४. आन्तरिक व्यापार विकासका लागि आइपरेका अवरोधहरू हटाउने र यातायात, ढुवानी, गोदाम, वितरण, व्यापार परिचालन गर्ने निकाय आदिको सञ्चालन व्यवस्थित रूपबाट गराउन आवश्यक सुझाव तथा निर्देशन प्रदान गर्ने ।

५. निकासी व्यापार अभिवृद्धि गराउन आइपरेका समस्या हटाउने, निकासी वस्तुको विकास गर्ने, बजार विकास कोष खडा गराई बजार प्रवर्द्धन गराउने, शाही नेपाली नियोगद्वारा निकासी प्रवर्द्धन गराउने, निकासी प्रोत्साहन तथा अनुदानको आवश्यकता र लेखाजोखा गर्ने र निकासीमा करभार मुक्त गर्ने जस्ता पक्षहरूमा आवश्यक परिपाटी कायम गरी कार्य सञ्चालनमा सुदृढता ल्याउने ।

६. पैठारी व्यापारबाट अत्यावश्यक उपभोग्य वस्तु औद्योगिक कच्चा पदार्थ तथा विकास र निर्माणका वस्तुहरूको आपूर्तिको लागि सहयोग पुऱ्याउन पैठारी मागको नियमित अध्ययन गराई आवश्यक पर्ने नीति तथा कार्यक्रमहरू तर्जुमा गरी श्री ५ को सरकारलाई परामर्श दिने ।

७. आन्तरिक तथा वैदेशिक व्यापार अभिवृद्धिको लागि आवश्यक पर्ने व्यापार सेवाको विकास गर्ने तर्फ खासगरी आन्तरिक जलमार्ग, मल्टि मोडेल यातायात, गोदाम, क्लियरिङ्ग फर्वाडिङ्ग, बीमा, ऋण, सम्वेष्ठन, आदिको सुविधालाई प्रभावकारी र व्यवहारिक बनाउन विभिन्न कदम अपनाउने । इण्ट्रट्रेड पोर्टको व्यापार र Export Processing Zone(EPZ) को पनि व्यवस्था गराउने तर्फ परामर्श गर्ने ।

८. नेपालको पारवहन व्यापार तथा यातायात सुचारू रूपले सञ्चालन गर्न आवश्यक पर्ने व्यवस्था तथा समन्वय कायम गर्ने । पारवहन खर्च घटाउने, यसका समस्याहरू निराकरण गर्ने उपायहरू र वैकल्पिक व्यापार तथा पारवहन मार्गहरू बारे श्री ५ को सरकारमा सुझाव पेश गर्ने ।

९. निकासी उन्मुख उद्योगको विकास गर्न आवश्यक पर्ने वातावरण र व्यवस्थाको सृजना गर्ने क्रममा औद्योगिक विकास ऐन, वैदेशिक लगानी नीति, निकासी प्रशोधन क्षेत्रको स्थापना, निकासीमा करको भार मुक्त गर्ने प्रक्रिया आदिको कार्यको लागि श्री ५ को सरकारको सम्बन्धित निकायहरूमा समयानुकूल सुझाव तथा परामर्श प्रदान गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. नेपालको वैदेशिक व्यापार क्षेत्रमा सीमा व्यापारले महत्वपूर्ण स्थान ओगटेको हुँदा दुई निकटतम छिमेकी राष्ट्रहरूसँगको सीमा व्यापारलाई सुव्यवस्थित गर्न आवश्यक अध्ययन गराई श्री ५ को सरकारमा परामर्श प्रदान गर्ने ।

११. देशको आन्तरिक तथा वैदेशिक व्यापारलाई सुव्यवस्थित गरी राष्ट्रिय आर्थिक विकासको उद्देश्य अनुरूप सञ्चालन गर्न सम्बन्धित निकाय तथा मन्त्रालयको नीति, नियम तथा कार्यविधिमा सामन्जस्यता ल्याउने र ती निकायहरूबीच समन्वयता कायम गराउने ।

१२. निकासी विकासको दीर्घकालीन योजना तयार गर्ने क्रममा अन्तर्राष्ट्रिय बजारमा नेपाली प्रमुख निकासीयोग्य वस्तुहरूको चाहना, प्रवाह र बजारस्थितिको जानकारीको आधारमा नेपालले भविष्यमा अपनाउनु पर्ने उत्पादन, व्यापार, उद्योग नीतिहरू बारे परामर्श प्रदान गर्ने ।

मिति २०३६।५।२१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना अनुसार गठित निकासी व्यापार विकास व्यवस्थापन समिति खारेज गरिएको छ ।

आज्ञाले,
निधेन्द्रराज शर्मा
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार